# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति–२०७९



रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश

# रघुगंगा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## Gender Equality and Social Inclusion (GESI) Strategy of Raghuganga Rural Municipality

- २०७९

रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट,म्याग्दी

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
### गण्डकी प्रदेश, नेपाल


प.सं<br>
च.नं. मितिः २०७९।१२।१७

## मन्तव्य

देशको संविधान तथा प्रचलित कानुनहरू अनि राष्ट्रको दीर्घकालीन तथा अल्पकालीन योजनाहरूले निर्दिष्ट गरेका लैङ्गिक तथा समावेशी नीतिहरू कार्यान्वयन गर्न स्थानीय सरकारको भूमिका अहम् रहेको छ । स्थानीय सरकार राष्ट्रको शासन व्यवस्थामा जनताको सबैभन्दा नजिक रहेर काम गर्ने संघीय संरचना हो । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य लैससाससँग सम्बन्धित कानुनको मर्म, भावना, सिद्धान्त नीतिहरूले जवाफदेहिता, पारदर्शिता, प्रजातान्त्रिक प्रक्रिया, तथा नागरिक समाजको सबलता जस्ता सुशासनका आधारभूत पक्षमा जोड दिएका छन् । नेपालको समग्र विकास कार्यलाई नीति गत मार्गदर्शन गर्न आजसम्म कार्यान्वयनमा आइरहेका वा कार्यान्वयन भइसकेका पञ्चवर्षीय योजनामा समावेश व्यवस्थाहरूले पनि केही हदसम्म कार्य गरिरहेका छन् ।

अतः २१औं शताब्दीको समावेशी युगमा स्थानीय सरकारको रूपमा स्थापित यस रघुगंगा गाउँपालिका पनि विभिन्न जातीय, क्षेत्रीय, लैङ्गिक, वर्गीय आदि अनेक सामाजिक विभेद, असमानता र अन्यायलाई निराकरण गरी समता मूलक समाज निर्माणको सन्दर्भमा जुटेको छ । यहाँको लैङ्गिक, जातीय तथा वर्गीय विभेदलाई निमिट्यान्न पार्नका लागि हामीले चालू आ. व. मा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक तथा प्राविधिक सहयोगमा लैससास लेखाजोखा गरी तीन वर्षे कार्य योजना तर्जुमा गरिसकेका छौं भने यो कार्य योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि चालू आ.व. मा पुनः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक तथा प्राविधिक सहयोगमा लैससास रणनीति तर्जुमा गरेका छौं । यो रणनीतिले लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने, लैससास समितिलाई सक्रिय बनाउने, कार्यालयमा लैससास फोकल पर्सन तोक्ने आदि कार्यमा जोड दिने अपेक्षा गरेका छौं ।

अन्त्यमा, यो रणनीति तर्जुमा गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई धन्यवाद दिन चाहन्छु । रणनीति तर्जुमाकै सिलसिलामा परामर्शदाताको रूपमा भूमिका निर्वाह गर्ने श्री प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट लगायत अन्य सहायक भूमिका निर्वाह गर्ने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत महिला तथा बालबालिका शाखा प्रमुख सहित सबै गाउँपालिका परिवार धन्यवादका पात्र हुनुहुन्छ ।

धन्यवाद !

**भव बहादुर भण्डारी**<br>
**अध्यक्ष**

# विषयसूची


**परिच्छेद एक - परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ लैससास सम्बन्धी संवैधानिक, कानुनी र नीति गत व्यवस्था ........ २
१.३ स्थानीय तहमा लैससास रणनीति निर्माणको आवश्यकता एवम् औचित्य ........ ४
१.४ स्थानीय तहमा लैससास रणनीतिको विधि तथा प्रक्रिया ........ ६

**परिच्छेद-दुईः रघुगंगा गाउँपालिकाको लैससास मूल प्रवाहीकरणको अवस्था विश्लेषण** ........ ७
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ७
२.२ लैससास मूल प्रवाहीकरण सम्बन्धी हालसम्म भएका प्रयासहरू ........ ७
२.३ रघुगंगा गाउँपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण ........ ८

**परिच्छेद तीनः रघुगंगा गाउँपालिकाको लैससास रणनीति तथा कार्यनीति** ........ १२
३.१ संक्षिप्त नाम र प्रारम्भ ........ १२
३.२ लागू हुने मिति ........ १२
३.३ परिभाषा ........ १२
३.४ दीर्घकालीन सोच (**Vision**) ........ १४
३.५ ध्येय (**Mission**) ........ १४
३.६ दीर्घकालीन लक्ष्य (**Goal**) ........ १५
३.७ उद्देश्यहरू ........ १५
३.८ अपेक्षित प्रतिफल ........ १५
३.९ लैससास मूलप्रवाहीकरणका सिद्धान्तहरू ........ १६
३.१० लैससास मूलप्रवाहिकरण रणनीतिको मूल्य मान्यता ........ १७
३.११ लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरू ........ १७
३.१२ रणनीति कार्यान्वयनको लागि वार्षिक कार्ययोजना (तीन आर्थिक वर्षको लागि) ........ २२

**परिच्छेद-चार लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन** ........ ३०
४.१ रणनीति कार्यान्वयनको संस्थागत संरचना ........ ३०
४.१.१ लैससास समितिको काम कर्तब्य र अधिकार ........ ३०
४.१.२ वडास्तरको वडा समिति गठन ........ ३०
४.१.३ वडास्तरको लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार ........ ३१
४.२ लैससास क्षेत्रमा सरोकारवालाहरूको भूमिका ........ ३१
४.३ रणनीति कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा समीक्षा ........ ३३

४.४ रणनीतिको समीक्षा तथा सुधार........................................................................ ३४

अनुसुची-१ रघुगंगा गाउँपालिकामा तर्जुमा गरिएका कानुनी दस्तावेज, नीति तथा कार्यक्रमहरूको सूची......... **३५**
अनुसूची-२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तथा बजेटको परीक्षणको अवस्था

# परिच्छेद एक - परिचय

## १.१ पृष्ठभूमि

नेपाल विभिन्न जात जाती समुदाय मार्फत आ आफ्नै संस्कृति तथा सामाजिक मूल्य मान्यतामा आधारित भएर जीविकोपार्जन गर्दै आइरहेका छन् । यहाँ भौगोलिक रूपमा तराई पहाड तथा हिमालमा बसोबास गर्ने समुदायहरू त्यहाँको हावापानी तथा माटो सुहाउँदो संस्कृति र विभिन्न चाल चलनहरू मान्दै आएका छन् । नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को सवालहरू ऐतिहासिक समयदेखि अभ्यासमा रही आएका छन् । हाम्रो समाजको सामाजिक मूल्य मान्यताको कारण समाजमा विद्यमान महिला-पुरुष बीचको असमानता र विभेदको अवस्था अहिलेसम्म पनि कायम रहेको छ । समाजको विकास क्रमसँगै यहाँ रहेका लिंग, जाती, उमेर, धर्म, संस्कार र भौगोलिक आधारमा वञ्चितीकरणमा परेका समुदायहरू गरिबीको माध्यमबाट मुक्त हुन नसकेको अवस्था छ । सामाजिक वञ्चितिकरणमा परेका समुदायहरूमा महिला, लैङ्गिक अल्पसंख्यक, दलित, जनजाति, आदिवासी, मधेसी, मुस्लिम, उमेर समूह ( १६ वर्ष मुनीका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरू) अपाङ्गता भएका व्यक्तिहरू र भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका समुदायहरू आदि रहेका छन् । यी समूह तथा समुदायहरूलाई विकासको मूल प्रवाहमा ल्याउने, सहभागितामूलक विकासमा समावेश गर्ने, सशक्तिकरण गर्ने, आय आर्जनमा जोड दिई गरिबी न्यूनीकरण गर्ने जस्ता कार्यहरू राज्यको लागि चुनौतीको रूपमा रहेको छन् ।

यही तथ्यलाई मध्यनजर राखी नेपाल सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवालको सम्बोधन गर्न कानुनी तथा कार्यक्रमगत रूपमा विविध पहलहरू गर्दै आएको छ । समाजमा विद्यमान लैङ्गिक तथा जातीय असमानता, विभेदयुक्त मान्यता र व्यवहार महिला हिंसा, महिला शोषण तथा उत्पीडित गरिब आदि जस्ता विसंगतिहरूलाई न्यूनीकरण गर्दै निर्मूल गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सवाहरूमा प्रतिबद्धता जनाउनुका साथै विभिन्न निर्णयहरूमा दस्तखत गर्दै आएको छ । यसको सफल कार्यान्वयनको लागि निजी क्षेत्र, गैर सरकारी क्षेत्र, नागरिक समाज र विकास साझेदार संस्था तथा निकायहरू सँगको सहकार्य सहितका उल्लेख्य कार्यहरू उदाहरण योग्य रहेका छन् ।

नेपाल सरकारले परिकल्पना गरेको समृद्ध नेपाल बनाउने लक्ष्यलाई सफल बनाउन महिला तथा पुरुष लगायत सबै लैङ्गिक विशिष्टता भएका व्यक्तिहरू, जाती, धर्म, वर्ग, शारीरिक तथा भौगोलिक विविधताको कारण वहिष्करणमा परेका समुदायलाई विकासको मूल प्रवाहमा सहभागी गराई सबैलाई समान अवसरको सुनिश्चितता गर्नुपर्ने आवश्यकता देखिन्छ । नेपालको वर्तमान संविधानले समानुपातिक समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज स्थापना गर्ने परिकल्पना गरी महिला तथा वञ्चितकरणमा परेका सामाजिक तथा आर्थिक रूपमा विपन्न समूह तथा

समुदायका मौलिक हकहरूको सम्बन्धमा व्यवस्था गरेको छ । यसै आधारमा महिला समानता तथा सामाजिक समावेशीकरणका सवालहरू वा समस्याहरूको समाधान गर्नका लागि विभिन्न राष्ट्रिय कानुनहरू लागू गरिएको र अन्तर्राष्ट्रिय घोषणापत्रहरू तथा महासन्धिहरू कार्यान्वयनमा ल्याइएको छ । यीनै कानुनी व्यवस्थाहरूलाई स्थानीयकरण गरी स्थानी तहमा रहेको लैङिगक तथा सामाजिक समावेशीकरणका सवालहरूलाई स्थानीय रुपमै समाधान तथा सम्बोधन गर्नका लागि लैससास सम्बन्धी रणनीति २०७९ तर्जुमा गरी लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा यस पालिकाले लैससास रणनीति तयार गरी लागू गर्ने जमर्को गरेको हो ।

## १.२ लैससास सम्बन्धी संवैधानिक, कानुनी र नीति गत व्यवस्था

नेपालले विगत केही वर्षदेखि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई उच्च प्राथमिकता दिई राष्ट्रिय तथा स्थानीय तहमा मूल प्रवाहीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । यस सन्दर्भमा स्थानीय तहमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सन्दर्भमा भएका कानुनी प्रयासहरू जस्तैः नेपालको वर्तमान संविधान, तीनै तहका सरकारहरूबाट तर्जुमा गरी लागू गरिएका ऐन, नियम, नीति तथा अन्य वैधानिक व्यवस्थाहरू, नेपाल सरकारले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरू लगायतको कार्यान्वयन आजको बाध्यतात्मक आवश्यकता हो ।

नेपालको इतिहासमा जाती, वर्ग, लिङ्ग, शक्ति तथा भूगोलका आधारमा गरिने विभेद, असमानता र अन्यायको अन्त्य गर्नुका साथै नेपाली समाजमा सामाजिक कुरीतिका रूपमा मौलाएको जातीय छुवाछूतलाई अन्त्य गर्नका लागि पहिलो पटक वि.सं. २०२० सालमा संशोधन गरिएको मूलुकी ऐन २०२० नेपालको इतिहासमा सबैभन्दा महत्वपूर्ण परिवर्तनको वाहक मानिन्छ ।

नेपालको वर्तमान संविधानको प्रस्तावनामा बहु जातीय, बहुभाषिक, बहु धार्मिक, बहु सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताहरूलाई आत्मसाथ गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक एक्यबद्दता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रबर्द्धन गर्दै विभिन्न वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङिगक, विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी सामाजिक न्याय सहित समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको धारा १६ मा सबै व्यक्तिहरूको सम्मानपूर्वक बाँच्ने हक, धारा १७ मा स्वतन्त्रता को हक, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ४२ मा सामाजिक न्यायको हक, र धारा ५१ ञ मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाका साथै धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको बारेमा व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक रणनीतिगत रूपमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानुनी दायित्वको रूपमा व्यवस्था गरिएको छ भने सोही दफाको उपदफा २ मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरिएको छ ।

सामाजिक विभेद अन्त्यको लागि नेपालले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको भएता पनि पहिलो पटक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नका लागि साबिक स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो । बदलिँदो राजनैतिक परिस्थिति र संवैधानिक व्यवस्था अनुरूप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक समावेशीकरण नीति २०७७ तर्जुमा गरेको छ । दशौं योजना (२०५९-०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross cutting issue) का रूपमा स्थान दिइएको थियो । आ. व. २०६४-०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरूबाट लैंङ्गिक उत्तरदायी बजेट प्रणालीको विकास हुँदै आएको छ । चालू १५औं योजनामा सामाजिक विषय क्षेत्र अन्तर्गत महिला लगायत विभिन्न लक्षित समुदाय, जेष्ठनागरिक, अपाङ्गता भएका ब्यक्ति, बालबालिका, किशोर, किशोरीहरू लगायतलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्र निर्माण गर्ने विषय उल्लेख गरिएको छ । यसै अनुरूप समावेशीकरण नीति तर्जुमा र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि भएको छ ।

समावेशीकरण सम्बन्धी नीति तथा प्रभावकारीताको लागि स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार तत्कालीन स्थानीय निकायको निशर्त पुँजीगत बजेटको कम्तीमा १०% रकम आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विपन्न वर्ग १०% बालबालिका र १५ % उपेक्षित वर्ग तथा समुदायको लागि छुट्याउनु पर्ने व्यवस्था थियो साथै तत्कालीन स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, वादी लगायत अपाङ्गता समन्वय सम्बन्धी संरचनाहरू गठन गरी ती समुदायहरूलाई संस्थागत रूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिनुका साथै सामाजिक परिचालन मार्फत आर्थिक तथा सामाजिक रूपमा पिछडिएका समुदायको आर्थिक सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने जस्ता प्रयासहरू भएका थिए ।

पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने सन्दर्भमा यी र यिनीहरूसँग सम्बन्धित नीति तथा अन्य आवश्यक कानुनहरू तर्जुमा गर्नुका साथै विकासका मापदण्डहरू तर्जुमा गर्दा लैससास सम्बन्धमा संवेदनशील भएर बनाउने रणनीति अख्तियार गरेको छ

। पालिकाले वार्षिक तथा आवधिक योजना तर्जुमा गर्दा लैंङ्गिक तथा समावेशी सहभागितालाई जोड दिंदै योजना तथा कार्यक्रमहरू तयार गर्दै आएको हो ।

पालिकाले आफ्नो क्षेत्रभित्र रहेका महिला, दलित, आदिवासी, जनजाति मुस्लिम अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक, अल्पसंख्यक, एकल महिला तथा हिंसा पीडितहरूलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित लैंङ्गिक समानता र सामाजिक समावेशीकरणको माध्यमबाट सबैले आत्म सम्मान बोध गर्ने वातावरण निर्माण गर्न र पालिकाबाट गठन हुने सीमित संरचना र क्रियाकलापहरूलाई मूलप्रवाहीकरणको माध्यमबाट लैङिगक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले पालिकाले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक तथा प्राविधिक सहयोगमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ तर्जुमा गर्ने जमर्को गरेको हो ।

### १.३ स्थानीय तहमा लैससास रणनीति निर्माणको आवश्यकता एवम् औचित्य

पालिकाले समुदायमा रहेका विभिन्न जातजाती, बर्ग, लिङग, भाषा, धर्म, उमेर, शक्ति, संख्या आदिका आधारमा भइरहेको विभेद, अन्याय र असमानता तथा मानव मानवबीचको छुवाछुतलाई सदाको लागि अन्त्य गर्ने गरी योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न प्रयास गरेको सन्दर्भमा यी योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्ने रणनीति निर्माण गर्नु अनिवार्य शर्त मानिन्छ ।

नेपालको वर्तमान संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहु धार्मीक, बहु साँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताहरूलाई आत्मसाथ गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक एक्यबद्दता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रबर्द्धन गर्दै विभिन्न बर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी सामाजिक न्याय सहित समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको धारा १६ मा सबै व्यक्तिहरूको सम्मान पूर्वक बाँच्ने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ४२ मा सामाजिक न्यायको हक, र धारा ५१ ज मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाका साथै धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको बारेमा व्यवस्था गरिएको छ । यी उल्लेखित संवैधानिक व्यवस्थाहरूलाई कार्यान्वयन गर्नका लागि पनि स्थानीय तहले लैससास रणनीति तर्जुमा गर्न परेको हो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक रणनीतिगत रूपमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानुनी दायित्वको रूपमा व्यवस्था गरिएको छ भने सोही दफाको उपदफा २ मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण

सम्बन्धी अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरिएको छ । यसको अतिरिक्त नेपाल पक्ष भई गरिएका सन्धि सम्झौताहरू जस्तैः सबै प्रकारका जातीय विभेद उन्मूलन महासन्धि १९६५, समान कामको लागि समान पारिश्रमिक महासन्धि ६ अक्टुवर १९७६, बालअधिकार महासन्धि १४ सेप्टेम्वर १९८९, आदिवासी जनजाति सम्बन्धी महासन्धि १९८९, वेइजिङ घोषणा पत्र र कार्ययोजना सन १९९५, निकृष्ट प्रकारको बालश्रम उन्मूलन महासन्धि २००१, संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० आदिलाई स्थानीय स्तरमा लागू गर्न पनि स्थानीय सरकारको लैससास रणनीति अनिवार्य भएको छ । त्यसैगरी पालिकाद्वारा तर्जुमा गरिएको वार्षिकयोजना तथा आवधिक योजनालाई कार्यान्वयन गर्न, पालिकाका कार्यक्रम तथा योजनाहरू र बजेटलाई लैससासमैत्री बनाउन, पालिकालाई समग्ररूपमा मार्गदर्शन गर्न, पालिकाभित्र सरोकारवालाहरूबीच बुझाईमा एकरुपता कायम गरी लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन, लोकतन्त्रका लाभहरूलाई न्यायोचित बितरणको माध्यमबाट सामाजिक न्याय स्थापीत गर्न, दीगो विकासको लक्ष्य नं ५ मा उल्लेखित लैङ्गिक समानता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गरी सूचक पुरा गर्न पनि लैससास रणनीतिको आवश्यकता महशुस गरिएको हो ।

पालिकाले पहिलो पटक गत आ.व. २०७८/०७९ मा गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा SWOT Analysis गर्दा सबैभन्दा थोरै अंक सुशासन तथा उत्तरदायित्वमा जम्मा २० पूर्णांकमा १०.५ अंक मात्र प्राप्त गरेको छ । त्यसैगरी संस्थागत व्यवस्थामा ११.५ अंक प्राप्त गरेको छ भने मानव संशाधन तथा क्षमता विकासमा १२ अंक प्राप्त गरेको छ । नीति कानुन तथा योजनाको क्षेत्रमा १२.५ अंक प्राप्त गरेको छ भने सबैभन्दा वढी सेवा प्रवाहको क्षेत्रमा १५ अंक प्राप्त गरेको छ । लैससास परीक्षणमा ५ वटा शीर्षकमा कुल ६१.५ अंक प्राप्त गरेको छ । विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ । कार्य योजना तर्जुमा गर्दा लैससास परीक्षणमा सबैभन्दा कम अंक प्राप्त गर्ने सूचकहरूलाई आधार बनाएर तर्जुमा गर्ने प्रयास गरिएको छ । पालिकाको आ.व. २०७८/०७९ को लिजाको प्रतिवेदन अध्ययन गर्दा सामाजिक तथा समावेशीको क्षेत्रमा कुल १०० पूर्णांकमा ५८.२४% अंक प्राप्त गरेको छ । अन्य क्षेत्रहरूको तुलनामा यो क्षेत्रमा सबैभन्दा कम अंक आएको छ । अतः लैससास परीक्षण र लिजामा सामाजिक विकास तथा समावेशी क्षेत्रमा देखिएका सुधार गर्नुपर्ने पक्षहरूलाई मध्यनजर गरी पालिकाले तर्जुमा गरेको कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा समतामूलक समाजको निर्माण गरी पालिकालाई लक्षित बर्गमैत्री पालिकाको रूपमा पहिचान गराउन पनि लैससास रणनीतिको तर्जुमा गर्न परेको हो ।

यो पालिकामा विभिन्न जात जाती बर्ग तथा समुदायहरूको बसोवास रहेको छ । यी समुदायहरूमा आदिमकालदेखि चल्दै आएको जातीय छुवाछुत देखि आ-आफ्नै धर्म, संस्कृति र सामाजिक मुल्य मान्यताहरू अहिले पनि चलन चल्तीमा रही आएका छन् । अतः विद्यमान जातीय विभेद, बर्गिय असमानताका अतिरिक्त अन्य सामाजिक आधारमा गरिने अन्यायलाई निरुत्साहित गर्नुका साथै

अल्पसंख्यक तथा सीमान्तकृत, ज्येष्ठ नागरिक, बालबालिका आदिको हक हित तथा विकासको ग्यान्टी गरी समतामूलक समाजको निर्माण गर्नका लागि पालिकाले लैससास रणनीति तर्जुमाको गर्न लागिएको हो ।

## १.४ स्थानीय तहमा लैससास रणनीतिको विधि तथा प्रक्रिया

पालिकाको लैससास रणनीति तर्जुमा सम्बन्धी कार्यलाई दिग्दर्शनमा उल्लेखित व्यवस्था अनुसारको विधि र प्रक्रिया अवलम्बन गरी सम्पादन गर्ने कार्य गरिएको छ । पालिकासँग लैससास रणनीति तर्जुमाको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसारको प्रक्रिया पुरा गरी सम्झौता गर्ने कार्य सम्पन्न पश्चात दुवै पक्ष सहभागी भई कार्य योजना निर्माण गरिएको थियो । लैससाससँग आवश्यक कागजात तथा कानुनहरूका बारेमा अध्ययन गर्ने कार्य गरिएको थियो । कार्य योजना अनुसार सुरुमा यही २०७९ साल माघ १७ गते जनप्रतिनिधिहरू, शाखा प्रमुख कर्मचारीको सहभागितामा अभिमुखिकरण गोष्ठीको आयोजना गरी ब्यापकरूपमा छलफल गर्ने कार्य सम्पन्न भयो । गोष्ठीमा लैससासको क्षेत्रमा SWOT analysis गरी पालिकाको वास्तविक अवस्था पहिचान गर्ने कार्य गरिएको थियो । अभिमुखीकरण गोष्ठी पश्चात शाखा प्रमुख कर्मचारीहरू तथा जनप्रतिनिधिहरूसँग अनौपचारिक रूपमा भेटघाट तथा छलफल गरी प्राथमिक स्रोतका रूपमा रहेका तथ्याङकहरू सङ्कलन गर्ने कार्य गरिएको थियो । आवश्यक तथ्याङ्कहरू प्राप्त भइसकेपछि तथ्याङ्कहरूलाई विश्लेषण गर्दै दिग्दर्शनमा उल्लेखित फ्रेमवर्कभित्र रही रणनीतिहरू तर्जुमाको लागि लेखन कार्य प्रारम्भ गरियो । लैससासको प्रारम्भिक अर्थात मस्यौदा प्रतिवेदन तर्जुमा भइसकेपछि साल चैत ०७ गते थप सुझाव तथा परामर्शको लागि अनौपचारिक रूपमा छलफल गरी यसलाई मूर्त रुप दिने कार्य सम्पन्न भएको हो ।

# परिच्छेद-दुईः रघुगंगा गाउँपालिकाको लैससास मूल प्रवाहीकरणको अवस्था विश्लेषण

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

यस गाउँपालिकाको नाम यहाँ रहेको प्रसिद्ध रघुगंगा नदिको नामबाट राखिएको हो । धवलागिरी हिमाल मुहान भएको यस रघुगंगा नदि यस गाउँपालिकाको वडा नं १ र २ बाहेकाका सबै वडाहरू भएर बग्छ । यस क्षेत्रमा यो नदिलाई सुनौलो खोला, राहुघाट र रबरखोला नामले समेत चिनिने गर्दछ । यो गाउँपालिकाको केन्द्र वडा नं ३ स्थित मौवाफाँटमा रहेको छ । हाल यो गाउँपालिकामा ८ वटा वडाहरू रहेका छन् । साविकको गाविसको नामबाट हाल यी वडाहरूको नामकरण गरिएको छ । यहाँको आम्दानीको प्रमुख स्रोत पनि यही रघुगंगा नदि हो

वि.सं.२०७८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँको कुल घरधुरी संख्या ४१५३ रहेको छ । कुल जनसंख्या १४११४ रहेको छ जसमा महिलाहरूको संख्या ७३४७ रहेको छ भने पुरुषहरूको संख्या ६७६७ रहेको छ । जातीय दृष्टिले हेर्दा सबैभन्दा बढी जनसंख्या मगर जातीहरूको रहेको छ । जम्मा मगरहरूको संख्या ५९९७ (३८%), क्षेत्री ३१२५ (२०%), दमाई १४४६ (९.२%), ठकुरी ९०४ (५.४%), कामी ६८९(४%) र सार्की ४१०(३%) रहेको छ । यहाँ बसोवास गर्ने अन्य जातीहरूमा थकाली, छन्त्याल, गुरुङ, नेवार र तामाङ जातीहरू पर्दछन् । यिनीहरू सानो संख्यामा बसोबास गरेको तथ्याङकले देखाउँछ ।

## २.२ लैससास मूल प्रवाहीकरण सम्बन्धी हालसम्म भएका प्रयासहरू

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानुनहरूले दिएको अधिकार प्रयोग गर्दै पालिकाले स्थानीय स्तरमा लैससाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने सन्दर्भमा देहाय बमोजिमका विभिन्न कानुनहरूको तर्जुमा गर्नुका साथै नीति योजना कार्यक्रम तथा बजेट विनियोजन गर्दै आइरहेको छ ।

(क) प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई सेवा सुविधा थप सम्बन्धी कार्यविधि२०७५
(ख) बालबिबाह बिरुद्ध रणीनतिक योजना २०७५
(ग) अपांग परिचयपत्र बितरण कार्यबिधि २०७५
(घ) बाल समूह संजाल गठन व्यवस्थापन तथा सहजीकरण निर्देशिका २०७७
(ङ) ज्येष्ठ नागरीक क्लव गठन तथा सञ्चालन कार्यबिधि २०७७
(च) न्यायीक समितिमा उजुरी गर्ने सम्बन्धी ऐन २०७८
(छ) बाल संरक्षण नीति २०७८
(ज) रघुगंगा गाउँपालिकाको श्रम डेक्स सञ्चालन कार्यविधि २०७९

(झ) लैससाससँग सम्बन्धित कार्यक्रम तथा योजना र बजेटको अडिट गर्ने कार्यको थालनी भएको।

(ञ) प्रत्येक आर्थिक वर्षमा महिला बालबालिका लगायत अन्य लक्षित बर्गमूखी बजेट विनियोजन गर्ने गरिएको ।

(ट) लक्षित वर्गलाई विकासको मूलधारमा ल्याउने प्रयास अन्तर्गत प्रत्येक वार्षिक सभाबाट नीतिहरू स्वीकृत गर्ने गरिएको ।

(ठ) लक्षित बर्गमूखी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि कार्यालयमा महिला तथा बालबालिका शाखाको व्यवस्था गरिएको ।

(ड) लैससास सम्बन्धी तीन वर्षे कार्य योजना तर्जुमा गरिएको ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाउन सफ्टवेयरलाई प्रयोगमा ल्याइएको ।

(ण) बालबालिकालाई विद्यालयमा बालमैत्री शासन तथा ब्यबहारको लागि विविध कार्यक्रमहरू सञ्चालनमा ल्याइएको ।

(त) दलित वर्गको सशक्तिकरणको लागि परंपरागत व्यवसाय जस्तैः प्रविधि युक्त आरन, पञ्चेबाजा आदिको व्यवस्था गरिएको ।

## २.३ रघुगंगा गाउँपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण

पालिकाको लैससासको क्षेत्रमा वास्तविक वेसलाइन अर्थात अवस्था पत्ता लगाई सोही अनुसारको कार्यक्रम बनाउनको लागि अभिमुखीकरण गोष्ठीमा यहाँका वलिया पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीका बारेमा समुह छलफललाई जोड दिइएको थियो । पालिकाले तर्जुमा गर्न लागेको लैससास रणनीतिलाई वास्तविक तथा ब्यवहारिक बनाइ हुबहु कार्यान्वयन गर्न सहज होस भन्ने उद्देश्यले जनप्रतिनिधि परामर्शदाता तथा कार्यालयका सम्बन्धित शाखा प्रमुख कर्मचारीहरू समेतको छलफल र राय सुझावका आधारमा SWOT (Strength, weakness, Opportunity and Threat) Analysis गरी पालिकाको वास्तविकता पत्ता लगाउने प्रयास गरिएको हो । पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा हासिल गरेका उपलब्धि, सकारात्मक अभ्यासहरू तथा कमजोर पक्षहरू, पहिचान तथा विश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरूलाई रणनीतिक कार्ययोजनामा समावेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस पालिकाले अवलम्बन गर्न सक्ने अवसरहरूलाई स्थानीयकरण गर्दै चुनौतीहरूको सामान गर्न यस रणनैतिक योजनाले मार्गनिर्देश गर्नेछ भन्ने अपेक्षा पनि गरिएको छ । SWOT Analysis लाई देहायको तालिकामा उल्लेख गरिएको छ ।

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| | लैङ्गिक हिंसा विरुद्ध उजुरी | कार्यालयमा सकरात्मक विभेद | राजनैतिक आधारमा विभेद नहुने |

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| कार्यपालिकाको कार्यालयमा महिला तथा बालबालिका शाखा प्रमुख सहित आवश्यक कर्मचारीको व्यवस्था गरिएको । | सुन्ने डेक्सको व्यवस्था गर्ने | नीतिको व्यवस्था गरिएको । | विश्वास दिलाउन पर्ने । |
| | GESI focal person को व्यवस्था गरी कार्यान्वयन भएको हुनुपर्ने | दरबन्दी अनुसारका कर्मचारीहरू कार्यालयमा कार्यरत रहेको अवस्था | लैससासमैत्री वातावरण निर्माणको लागि ब्यबहारमा परिवर्तन हुने गरी कार्य गर्नपर्ने |
| | लैससास सम्बन्धी थप तालिमको व्यवस्था गर्नपर्ने | लैससास सम्बन्धी तालिमहरू सञ्चालन जनप्रतिनिधिहरू सहमत भएको अवस्था छ । | आवश्यक बजेटको अभाव छ |
| लैससास सम्बन्धी नीतिहरू प्रत्येक आ.व. मा निर्माण हुने गरेका | लैससास समिति गठन गरी कार्यान्वयनमा ल्याउने | सबै जनप्रतिनिधिहरू लैससास समिति गठन गर्न सहमत भएको अवस्था | लैससास कार्यान्वयन कार्यविधि तर्जुमा गरी लागू गर्ने |
| | नीति अनुसारको योजना/ कार्यक्रमहरू तर्जुमा गर्ने | लक्षित बर्गसँग सम्बन्धित जनप्रतिनिधिहरू बढी सचेत र सक्रिय | लैससास कार्यान्वयनको लागि वास्तविक योजनाहरू तर्जुमा हुन नसक्नु |
| | योजना/कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गर्ने । | लैससासको लागि न्युनतम बजेट प्रत्येक वर्ष विनियोजन भइरहेको | माग र आवश्यकता अनुसारको बजेट विनियोजन गर्नका लागि आन्तरिक आम्दानी न्यून हुनु |
| लैससाससँग सम्बन्धित कार्यक्रम तथा बजेटको लेखाजोखा भई ३ वर्षे कार्ययोजना निर्माण भएको | जेसी अडिटलाई वर्षैपिच्छे नियमित गर्नुपर्ने | सभाबाट वार्षिक योजना किताव प्रकाशित | जेसी अडिट गर्न भनी बजेट शीर्षक उल्लेखित छैन |
| | बजेट विनियोजन गर्दा ३ वर्षे कार्य योजना कार्यान्वयन गर्ने गरी विनियोजन गर्नुपर्ने | सालवसाली बजेट विनियोजनको अभ्यास भइरहेको | बजेट योजना तथा कार्यक्रमका आधारमा मात्र खर्चिने प्रणालीको विकास हुनुपर्ने । |
| पालिकामा लक्षित बर्गमूखी जनप्रतिनिधि तथा कर्मचारीहरूको संख्यामा वृद्धि हुँदै गएको । | कर्मचारी तथा जनप्रतिनिधिहरूलाई लैससास सम्बन्धी तालिमको व्यवस्था गर्ने | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूले लैससास सम्बन्धी तालिम लिई कार्य गर्न ईच्छुक | तर तालिम, भ्रमण आदि शीर्षकमा बजेट विनियोजित छैन । |
| | जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि कार्यालयमा आचा संहित लागू गरी कार्यान्वयन गर्ने | आचार संहिता निर्माणको लागि खर्च नलाग्ने हुँदा सहज भएको | सबै जनप्रतिनिधिहरू तथा कर्मचारीहरूमा लैससास प्रतिको बुझाईमा एकरुपता छैन |
| ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनाई कार्यान्वयन भएको तथा बैंक मार्फत भत्ता वितरण हुँदै आएको । | बैंक टाढा भएका वडाहरूमा बैंकलाई घुम्ति शिविरको व्यवस्था गर्न वातावरण बनाइदिने | शनिबार वा सार्वजनिक विदाको दिन मिलाएर वडामा घुम्ति शिविर आयोजना गर्न बैंक सहमत भएको अवस्था । | सबै दिनहरूमा घुम्ती शिविर सञ्चालन गर्नका लागि बैंकमा कर्मचारीहरू प्रर्याप्त नहुनु |

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| | | | |
| बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि नीति निर्माण हुनु | चालु आ.व. बाट CFLG कार्यक्रम सञ्चालनको लागि वडा प्रतिनिधिहरू सहित विद्यालय परिवार सँगै बसी कार्य योजना तर्जुमा गर्नुपर्ने | बालबालिकाको उज्ज्वाल भविष्यको लागि अभिभावक तथा विद्यालय परिवारहरू सचेत हुँदै गएको | CFLG बारेमा सबै जनप्रतिनिधिहरू र कर्मचारीहरू स्पष्ट नभएको अवस्था । |
| न्यायीक समितिको कार्याविधि सम्बन्धी ऐन तर्जुमा भइसकेको । | न्यायीक समितिको तालिमलाई वर्षैपिच्छे नियमित गर्ने । | बालबालिकाको क्षेत्रमा थोरै भए पनि बजेट विनियोजन भएको | सामुदायिक मेलमिलापको लागि आवश्यक बजेटको अभाव |
| | वडास्तरका सामुदायिक मेलमिलाप केन्द्रहरूलाई साधन स्रोत सहित थप ब्यबस्थित गर्ने । | सबै वडाहरूमा सामुदायिक मेलमिलाप केन्द्रहरू स्थापना भइसकेको अवस्था | छनोट भएका सबै मेलमिलाप केन्द्रहरू ब्यबस्थित नहुनु अनि नियमित तालिमको व्यवस्था नहुनु । |
| समान कामको लागि ज्यलामा समानता रहेको | कार्यविधि तर्जुमा गरी लागू गर्न पर्ने | हाल ज्यलामा विभेद नरहेको | पूरुष प्राप्त भएसम्म महिलालाई काममा नबोलाउने चलन |
| अहिले कार्यालयभित्र जातीय विभेद छैन | जातीय विभेद गर्न नहुने कानुन पालिकाबाट तर्जुमा गर्ने | संघीय सरकारबाट दण्डको व्यवस्था सहितको कानुन तर्जुमा भइ लागू भइसकेको अवस्था | हाम्रो संस्कार र सामाजिक मुल्य मान्यतामा परिवर्तन ल्याउन आवश्यक |
| लैससासमैत्री पूर्वाधारहरू निर्माण भइरहेका | पुराना संरचनाहरूमा सुधार गरी सुविधा थप गर्न पर्ने | नयाँ संरचनाहरू सबै लक्षित बर्गमैत्री रहेका | बजेटको अभाव |

## परिच्छेद तीनः रघुगंगा गाउँपालिकाको लैससास रणनीति तथा कार्यनीति

रघुगंगा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सोच, लक्ष्य, उद्देश्यहरू, रणनीति एवं कार्यनीतिहरू देहाय बमोजिम रहेका छन्

### ३.१ संक्षिप्त नाम र प्रारम्भ

यस रणनीतिको नाम रघुगंगा गाउँपालिकाको लैङिगक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९" रहेको छ

### ३.२ लागू हुने मिति

यो रणनीति रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएका मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

### ३.३ परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा-

(क) **रणनीति** भन्नाले रघुगंगा गाउँपालिकाको लैससास मूलप्रकाहिकरण रणनीति २०७९ लाई सम्झनु पर्दछ ।

(ख) **गा.पा.** भन्नाले रघुगंगा गाउँपालिका सम्झनु पर्दछ ।

(ग) **लैससास** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ

(घ) **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण** भन्नाले महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका ब्यक्तिहरूका अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

(छ) **लैंङ्गिक मूलप्रबाहीकरण** भन्नाले गाउँपालिकाको बिद्यमान संरचनाहरू र सबै बिषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउँछ ।

(ज) **लैङ्गिक समानता** भन्नाले समाज तथा राज्यको सबै अंग र तह र क्षेत्रमा महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकबीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

(झ) **लैङ्गिक समता** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुर्याउन अवलम्बन गरिने सकारात्मक विभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

(ञ) **सामाजिक समावेशीकारण** भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

(ट) **सामाजिक बञ्चितिकरण** भन्नाले लैङ्गिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

(ठ) **बञ्चित समूह** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरिक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

(ड) **लैंङ्गिक संवेदनशिल** सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरूमा महिला पुरुष र तेसो लिङ्गीहरूका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरूको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ

(ढ) **लैंङ्गिकता** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरूलाई दिइने विभेदपुर्ण कामको भूमिका, उनीहरू प्रति गर्ने विभेदपुर्ण सामाजिक व्यवहार र उनीहरूलाई हेर्न असमान दृष्टिकोण लाई जनाउछ ।

(ण) **लैंङ्गिकमैत्री** समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरूमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका बिशेष आवश्यकताहरू सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहारलाई सम्झनु पर्दछ ।

(त) **CEDAW: (Convention on the Elimination of All Forms of Discrimination against Women)** भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

(थ) CRC भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन् १९८९ लाई जनाउछ ।

(द) BPFA भन्नाले बेइजिङ कार्ययोजना (Beijing Platform of Action) सन १९९५ लाई जनाउछ ।

(ध) **सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुबिधाको अवसरबाट बञ्चित र विभेदमा परेका साथै संघीय कानुन बमोजिम मानव बिकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

(द) **लैङ्गिक उत्तरदायि बजेट** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ ।

(ध) **लैङ्गिक प्रभाव विश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै बर्ग, जाताजती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

(ण) **खण्डिकृत तथ्याङ्क** भन्नाले सबै जाताजती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एवम् लैङ्गिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था समूहहरूको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

## ३.४ दीर्घकालीन सोच (Vision)

लैङिगक, जातीय, बर्गिय तथा क्षेत्रीय भेदभावमुक्त, समानता तथा न्यायपूर्ण र समृद्ध समाजको निर्माण गर्ने ।

## ३.५ ध्येय (Mission)

लैससास सम्बन्धी समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यबहारमा परिबर्तन ल्याउने र सार्बजनिक जीवनमा जात, बर्ग, क्षेत्र र लिङगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ३.६ दीर्घकालीन लक्ष्य (Goal)

रघुगंगा गाउँपालिका भित्र रहेका सबै समुदायहरूमा न्यायोचित तथा समतामूलक विकासको माध्यमबाट वहिष्करणमा परेको बर्गलाई विकासको मूल प्रवाहमा ल्याउने ।

## ३.७ उद्देश्यहरू (Objects)

यस रणनीतिको प्रमुख उद्देश्य लैङिगक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरुप यस गाउँपालिकाले गर्ने सम्पुर्ण विकास तथा प्रशासनिक कामलाई लैससासप्रति उत्तरदायी बनाउनको लागि देहायका उद्देश्यहरू अवलम्बन गरिनेछ ।

(क) समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।

(ख) बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य भएको गर्नु

(ग) लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।

(घ) लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा ल्याउनु ।

(ङ) अति विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सशक्तिकरण गर्नु ।

## ३.८ अपेक्षित प्रतिफल

पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले देहाय बमोजिमको नतिजा दिने अपेक्षा गरिएको छ-

क. गाउँपालिकाको नीति कानुन व्यवस्था तथा मापदण्डहरू लैससास उत्तरदायी हुनेछन् ।

ख. लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्न र सोही अनुसारको कार्यक्रम तथा योजना बनाउन सहयोग पुग्नेछ ।

ग. गाउँपालिकाको योजना तर्जुमादेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा समेत लक्षित वर्गको सक्रिय सहभागिता बढ्न गई सार्वजनिक स्रोत साधन र लाभको उपयोगमा उक्त वर्गको पहुँचमा सुधार आउनुका साथै समतामूलक समाज निर्माणमा योगदान पुग्नेछ ।

घ. पालिकाको कार्यक्रम तथा बजेट लैससास उत्तरदायी हुनेछ ।

ङ. सेवा प्रदायक, सरोकारवाला, अधिकारकर्मी संघ/संस्थाहरूको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि भई बुझाइमा एकरूपता आउनुका साथै सोही अनुरूपको कार्य शैली विकास भएको हुनेछ ।

च. नेपाल सरकारले लैससास सम्बन्धी दिगो विकास लक्ष्य लगायत अन्य लक्ष्यहरू प्राप्त गर्न अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता तथा गण्डकी प्रदेश सरकारले आफ्नो प्रथम पञ्चवर्षीय योजनामा यस क्षेत्रमा गरेका अपेक्षाहरू पुरा गर्न सहयोग पुग्नेछ ।

## ३.९ लैससास मूलप्रवाहीकरणका सिद्धान्तहरू

१. **सामाजिक तथा आर्थिक विकासमा जोडः** लक्षित बर्गमूखी रणनीति तर्जुमा तथा कार्यान्वयनमा उनीहरूको सामाजिक विभेद हटाउने र आर्थिक गतिविधिहरू वृद्धि हुने प्रकृतिका योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा जोड दिइनेछ ।

२. **स्रोत प्रवाहमा अति विपन्नलाई प्राथमिकताः** लैससास रणनीति कार्यान्वयनको सन्दर्भमा योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा Cross-cutting Issue का आधारमा अति विपन्न वर्गलाई प्राथमिकता दिइनेछ

३. **पारदर्शिताः** लैससास रणनीति कार्यान्वयनका गतिविधिहरू र खर्चिएको बजेटलाई सार्वजनिक सुनुवाइ गर्नुका साथै माग गर्ने सरोकारवालाहरूलाई सूचना उपलब्ध गराइनेछ ।

४. **लैससास रणनीति निर्माण र कार्यान्वयनमा सहभागिताः** महिला बालबालिका तथा अन्य लक्षित बर्गको प्रत्यक्ष तथा अर्थ पूर्ण सहभागिताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ

**५. समन्वय र सहकार्यः** लैससास रणनीतिलाई तोकिएको अवधिभित्र प्रभावकारी रूपमा सञ्चालन गरी सम्पन्न गर्नका लागि समन्वय र सहकार्यका आधारमा बाह्य स्रोतको खोजी गरिनेछ ।

**६. विभेद नगरिनेः** लक्षित बर्गको उत्थान तथा विकासको लागि गाउँवासीबीच विभेद, अन्याय र असमानताको व्यवहार गरिने छैन ।

७. **सकारात्मक विभेद नीतिको कार्यान्वयनः** लक्षित वर्गको विकासको लागि स्रोत प्रवाह गर्दा सकारात्मक विभेद नीतिका आधारमा विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

## ३.१० लैससास मूलप्रवाहिकरण रणनीतिको मूल्य मान्यता

रघुगंगा गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्य मान्यताहरूलाई आत्मसात गरिनेछ ।

१. सकारात्मक सोचको विकास र लैससासमैत्री व्यवहार अवलम्बन ।
२. समावेशी तथा अर्थपुर्ण सहभागिता ।

३. समाजमा बिद्यमान सबै प्रकारका विभेद तथा लैङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अवलम्बन

४. न्यायमा पहुँच सुनिश्चितता र न्यायोचित बितरण प्रणाली व्यवस्थापन ।

५. पीडित तथा प्रभावित र असाहयहरूको संरक्षण प्रणाली व्यवस्थापन ।

६. साझेदारी र सहकार्य ।

## ३.११ लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य नं. १ः समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।** | |
| **१.१** लक्षित समूह पहिँचान सहितको खण्डिकृत तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिक गर्ने । | १. वडा तहमा खण्डिकृत तथ्याङ्क नियमित अद्यावधीक गरी लक्षित बर्ग तथा समूहको पहिँचान र प्राथमिकिकरण गरिनेछ ।<br>२. खण्डिकृत तथ्याङ्क सङ्कलनका लागि आवश्यक मानवस्रोत तथा बजेटको व्यवस्थापन गरिनेछ । |
| **१.२** महिला, एकल महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने । | १. बिपन्न एवम् बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>२. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरूको जिविकोपार्जनमा सुधार गरिनेछ ।<br>३. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गरिनेछ ।<br>४. गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन जनचेतना तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.३ः** निर्णायक तहमा लैङ्गिक तथा सामाजिक समावेशी हिसावले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । | १. गाउँपालिकाको हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिहरूको नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. लक्षित समूहका मानिसहरूलाई निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरू र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरूको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. टोल, वडा हुदै गाउँपालिका तहका संरचनाहरूमा लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले कार्यबिधि बनाई लागू गरिनेछ । |
| **उद्देश्य नं. २ः बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य भएको गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.१: बालश्रम अन्त्य भएको गाउँपालिका घोषणा गर्ने । | १. बालश्रम बिरुद्ध आवधिक कार्ययोजना बनाई लागू गरिनेछ ।<br>२. टोलबस्ती र वडा तहदेखि बालश्रमको तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिक गरिनेछ ।<br>३. बालश्रम बिरुद्ध सामाजिक जागरणका अभियान टोलबस्ती सम्म ब्यापक बनाइनेछ ।<br>४. बाल श्रम बिरुद्ध जनचेतना अभिबृद्धिका लागि योजना तथा बजेट सुनिश्चित गरिनेछ ।<br>५. अति बिपन्न तथा पछाडी परेका परिवारहरूको जिविकोपार्जनमा सुधार गर्न आयआर्जन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट सुनिश्चित गरिनेछ । |
| २.२ बाल बिबाह अन्त्य भएको गाउँपालिका घोषणा गर्ने । | १. बाल बिबाह बिरुद्ध गाउँपालिकाले निर्माण गरेको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. सरोकारवाला बीच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान सञ्चालन गरिनेछ ।<br>३. बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया सञ्चालन गरिनेछ । |
| २.३: सबै प्रकारका बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्ने । | १. गाउँपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. बालबालिकको पुर्ण खोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सबै सार्वजनिक निकायहरूमा स्तनपान कक्ष व्यवस्थापन सम्बन्धी कार्यबिधि बनाई लागू गरिनेछ ।<br>४. सबै सार्वजनिक निकायहरूमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागू गरिनेछ ।<br>५. बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका विभेद बिरुद्ध कानुनी साक्षरता कक्षा सञ्चालन गरिनेछ ।<br>६. बालमैत्री व्यवहार अवलम्बनका लागि सबै सरोकारवाला बीच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य नं. ३: लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।** | |
| ३.१: लैङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्ने । | १. लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणाका लागि आवधिक कार्य योजना बनाई लागू गरिनेछ ।<br>२. लैङ्गिक हिंसा बिरुद्धका अभियानहरू सञ्चालनका लागि सरोकारवाला बीच समन्वय र सहकार्य बिस्तार गरिनेछ ।<br>३. गाउँपालिकाको वार्षिक नीति तथा योजनामा लैङ्गिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।<br>४. जनचेतनामूलक अभियान ब्यापक बनाउन टोलबस्ती सम्मको संरचना बनाई परिचालन गरिनेछ ।<br>५. लैङ्गिक हिंसा बिरुद्धका कानुनी प्राबधानहरूको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित सञ्चालन गरिनेछ ।<br>६. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडित तथा प्रभावितहरूलाई न्यायिक उपचारको अबधीभर सुरक्षति आवासका लागि सुरक्षीत आश्रयस्थलको व्यवस्थापन गरिनेछ ।<br>७. लैङ्गिक हिंसा पिडितहरूको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्बन |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | सुनिश्चत गर्न लैङ्गिक हिंसा बिरुद्धको कोष परिचालन गरिनेछ ।<br>८. महिलाको मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श सेवा सञ्चालन गरिनेछ । |
| ३.२: सबै प्रकारका विभेदकारी मुल्यमान्यता बिरुद्ध वकालत क्षमता बृद्धि गर्ने । | १. समुदायस्तरमा प्रचलित कुरीति र कुसंस्कार अन्त्य गर्ने खालका सृजनात्मक कार्यक्रमहरू जस्तैः जातीय विभेद, सामाजिक विभेद, लैङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| **उद्देश्य नं. ४ः लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा ल्याउनु ।** | |
| ४.१: लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्राबधानहरूको स्थानीयकरण गर्ने । | १. लैससास सम्बन्धी राष्टिय नीती तथा कानुन र अन्तराष्टि प्राबधान अनुरुप स्थानीय कानुन तथा र कार्यबिधि बनाई लागू गरिनेछ ।<br>२. नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरूको वारेमा गाउँपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरूमा व्यापक जानकारी गराइनेछ ।<br>३. महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरू र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुलक अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. दिगो विकास एजेण्डा, २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरू र उक्त लक्ष्य अन्तर्गतका सूचकहरू साथै दिगो विकास लक्ष्य नं. ५ ले निर्दिष्ट गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बारेमा गाउँकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा वार्षिक नीति तथा कार्यक्रम र बजेटको विनियोजनमा प्राथमिकता दिइनेछ ।<br>५. शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्वन्द्व र द्वन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरूको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी बिषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरू र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराइनेछ ।<br>६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरूको बारेमा गाउँपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गरिनेछ । |
| ४.२: लैंससामैत्री संयन्त्र र सेवा प्रवाह सुनिश्चित गर्ने । | १. गाउँपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवाला बीच सञ्जाल गठन गरी नियमित कार्य गरिनेछ ।<br>२. लैससास इकाई/शाखा स्थापना गरिनेछ ।<br>३. गाउँपालिकाको लैससास इकाई/शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैंङ्गिक सम्पर्क व्यक्ति नियुक्त गरिनेछ ।<br>४. गाउँपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरूमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।<br>५. गाउँपालिकाका सबै संयन्त्रहरू र गाउँपालिका भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | व्यवस्था सुनिश्चित गरिनेछ ।<br>६. गाउँपालिका, वडा कार्यालय र यस क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमको लैंङ्गिक तथा सामाजिक समावेशी परीक्षण गरिनेछ ।<br>७. गाउँपालिका क्षेत्रमा गठित उपभोक्ता समिति, टोल विकास गरिनेछ ।<br>८. संस्था जस्ता समुह गठन गर्दा लक्षित समुदायहरूको समावेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाइनेछ ।<br>९. गाउँपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरूबाट संचालित योजना तथा कार्यक्रमहरूको वार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गरिनेछ ।<br>१०.गाउपालिकाका सबै वडाहरूका बस्तीहरूमा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गरिनेछ ।<br>११.महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरूको सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।<br>१२.गाउँपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैङ्गिक सम्वेदनशील कार्य प्रणाली अवलम्वन गरिनेछ । |
| **उद्देश्य नं. ५ः अति विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सशक्तिकरण गर्नु ।** | |
| **५.१ः** आयआर्जन तथा स्वरोजगार मार्फत जिविकोपार्जनमा सुधार ल्याउने । | १. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत बिपन्न तथा वञ्चित समूहका लागि सिपमूलक कार्यक्रम र आवश्यक प्रबिधि उपलब्ध गराइनेछ ।<br>२. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना र सुधार गरिनेछ ।<br>३. बिपन्न एवम् बञ्चित समुदायलाई स्थानीय स्रोत तथा सेवामा आधारीत व्यवसाय तर्फ आकर्षित गर्न वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>४. गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. आम गृहणी महिलाहरूलाई उत्पादनमूलक कार्यमा सरिक गराउन गृहणी महिला उत्थान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. रोजगारीमा लक्षित समूहको पहुँच बढाउन लक्षित समूह केन्द्रीत लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ । |

## ३.१२ रणनीति कार्यान्वयनको लागि वार्षिक कार्ययोजना (तीन आर्थिक वर्षको लागि)

गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको तीन वर्षे कार्ययोजना तर्जुमा गरेको छ । कार्ययोजना तयार गर्ने सन्दर्भमा पालिकामा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम, पालिकाको आन्तरिक स्रोत र कार्यान्वयन गर्ने समयावधि समेतलाई ध्यान दिई तयार गरिएको छ ।

| रणनीतिक उद्देश्यहरू | प्रमुख क्रियाकलाप (कार्य नीति) | अनुमानित बजेट | समयावधि | जिम्मेवार शाखा | समन्वय/ सहकार्य |
|---|---|---|---|---|---|
| **उद्देश्य नं. १: समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।** | | | | | |
| १.१ लक्षित समुह पहिँचान सहितको खण्डिकृत तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिक गर्ने । | खण्डिकृत तथ्याङ्क सङ्कलनका लागि आवश्यक मानवस्रोत तथा बजेटको व्यवस्था गर्ने । | १००००० | पहिलो वर्ष | महिला बालबालिका | प्र प्र अ |
| | वडा तहमा खण्डिकृत तथ्याङ्क नियमित अद्यावधीक गरी लक्षित बर्ग तथा समुहको पहिचान र प्राथमिकिकरण गर्नको लागि कार्ययोजना बनाउने । | ८००० | दोस्रो वर्ष | महिला तथा बालबालिका | उपाध्यक्ष र प्र. प्र. अ. |
| १.२ महिला, एकल महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने । | गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडि परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन जनचेतना तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । | १६००००० | तेस्रो वर्ष | महिला बालबालिका र रोजगार शाखा | प्र.प्र.अ. र लक्षित बर्गका सञ्जालहरू |
| | बिपन्न एवम् बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने । | १५००००० | पहिलो वर्ष | महिला बालबालिका र रोजगार शाखा | योजना तर्जुमा समिति |
| | गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समुहलाई विशेष प्राथमिकताको आधारमा | १०००००० | पहिलो वर्षबाट शुरु | लघु उद्यम विकास शाखा | प्र.प्र.अ. तथा रोजगार शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | उद्यमशिलता सम्बन्धी तालिमहरू सञ्चालन गर्ने । | | गरिने | | |
| | गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको प्रबर्द्धन गर्ने । | ८५०००० | तेस्रो वर्ष | रोजगार शाखा | उपाध्यक्ष/ प्र.प्र.अ. |
| १.३: निर्णायक तहमा लैङ्गिक तथा सामाजिक समावेशी हिसावले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । | गाउँपालिकाको हाल निर्णायक भूमिकामा रहेका जनप्रतिनिधिहरू, महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिहरूको नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने । | ५००००० | पहिलो वर्ष | प्र.प्र.अ. | गाउँपालिका |
| | लक्षित समुहका मानिसहरूलाई निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने । | ८००००० | तेस्रो वर्ष | महिला तथा बालबालिक शाखा | उपाध्यक्ष /सञ्जालका प्रतिनिधिहरू |
| | स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरू र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरूको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । | ४००००० | पहिलो वर्ष | योजना शाखा | महिला बालबालिका/ प्राविधिक शाखा |
| | टोल, वडा हुदै गाउँपालिका तहका संरचनाहरूमा लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाद्वारा कार्यबिधि बनाई लागू गरिनेछ । | - | पहिलो वर्ष | महिला बालबालिका | प्र.प्र.अ |
| **उद्देश्य नं. २: बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्नु ।** | | | | | |
| २.१: बालश्रम | बालश्रम बिरुद्ध आवधिक कार्ययोजना निर्माण गरी लागू गर्ने । | २०००० | दोस्रो वर्ष | शिक्षा शाखा | प्र.प्र.अ. |
| | टोलबस्ती र वडा तहदेखि बालश्रमको तथ्यांङ्क सङ्कलन र नियमित अद्यावधिक गर्ने । | १६००००० | दोस्रो वर्ष | बालबालिका शाखा | शिक्षा शाखा/ महिला तथा बालबालिका शाखा |
| | बालश्रम बिरुद्ध सामाजिक जागरणका अभियान टोलबस्ती सम्म | ६००००० | दोस्रो वर्ष | शिक्षा शाखा | उपाध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्त्य भएको पालिका घोषणा गर्ने । | ब्यापक बनाउने । । | | | | |
| | बाल श्रम बिरुद्ध जनचेतना अभिबृद्धिका लागि योजना तथा बजेट सुनिश्चित निर्माण गर्ने । | १०००००० | तेस्रो वर्ष | महिला तथा बालबालिका | शिक्षा शाखा/ प्र.प्र.अ. |
| | अति बिपन्न तथा पछाडि परेका परिवारहरूको जिविकोपार्जनमा सुधार गर्न आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने । | १४००००० | तेस्रो वर्ष | रोजगार शाखा | प्र.प्र.अ.,महिल तथा बालबालिका शाखा र रोजगार शाखा |
| २.२ बाल बिबाह मुक्त गाउँपालिका घोषणा गर्ने । | बाल बिबाह बिरुद्धका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने । | ७००००० | दोस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र.प्र.अ र शिक्षा शाखा |
| | सरोकारवालाबीच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान सञ्चालन गर्ने । | ५०००० | पहिलो वर्ष बाट | महिला तथा बालबालिका | शिक्षा शाखा |
| | बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने । | ४००००० | दोस्रो वर्षबाट शुरु गरिने | बालबालिका | न्यायीक समिति र शिक्षा शाखा |
| २.३: सबै प्रकारका बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्ने । | गाउँपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने । | - | पहिलो वर्ष | महिला तथा बालबालिका शाखा | प्र.प्र.अ र शिक्षा शाखा |
| | बालबालिकको पुर्ण खोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । | १५०००० | दोस्रो वर्ष | महिला तथा बालबालिका शाखा | स्वास्थ्य शाखा |
| | सबै सार्वजनिक निकायहरूमा स्तनपान कक्ष व्यवस्थापन सम्बन्धी कार्यबिधि बनाई लागू गरिनेछ । | - | पहिलो वर्ष | महिला तथा बालबालिक शाखा | स्वास्थ्य शाखा/ प्राविधिक शाखा |
| | सबै सार्वजनिक निकायहरूमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागू गरिनेछ । | - | पहिलो वर्ष | बालबालिका | योजना शाखा र प्राविधिक शाखा |
| | बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण | ५००००० | तेस्रो वर्ष | महिला तथा | योजना शाखा र |

| | | | | | |
|---|---|---|---|---|---|
| | लगायत सबै प्रकारका विभेद बिरुद्ध कानुनी साक्षरता कक्षा सञ्चालन गर्ने । | | | बालबालिका शाखा | प्राविधिक शाखा |
| | बालमैत्री व्यवहार अवलम्बनका लागि सबै सरोकारवाला बीच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम सञ्चालन गर्ने । | ४००००० | पहिलो वर्ष | बालबालिका | शिक्षा शाखा |
| **उद्देश्य नं. ३ः लैंङ्गक विभेद, लैंङ्गिक हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।** | | | | | |
| उद्देश्य नं. ३ः लैंङ्गिक विभेद, लैंङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु । | गाउँपालिकाको वार्षिक नीति तथा योजनामा लैंङ्गिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी बजेट बिनियोजन गर्ने । | - | पहिलो वर्ष | महिला तथा बालबालिका शाखा | कार्यपालिका |
| | लैंङ्गिक हिंसा बिरुद्धका कानुनी प्राबधानहरूको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमितरूपमा सञ्चालन गर्ने । | १००००० | पहिलो वर्ष | महिला बालबालिका शाखा | प्र. प्र. अ. र वडा अध्यक्ष |
| | लैंङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणाका लागि आवधिक कार्य योजना बनाउने । | ३०००० | तेस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र प्र अ |
| | लैंङ्गिक हिंसा बिरुद्धका अभियानहरू सञ्चालनका लागि सरोकारवालाबीच समन्वय र सहकार्य गर्ने । | ४५००० | पहिलो वर्ष | महिला तथा बालबालिका शाखा | उपाध्यक्ष |
| | जनचेतनामूलक अभियान ब्यापक बनाउन टोलबस्ती सम्मको संरचना बनाई परिचालन गर्ने । | २००००० | दोस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र प्र अ |
| | लैंङ्गिक हिंसा तथा घरेलु हिंसा पीडित तथा प्रभावितहरूलाई न्यायिक उपचारको अबधीभर सुरक्षित आवासका लागि सुरक्षित आश्रयस्थलको व्यवस्थापन गरिनेछ । | १०००००० | तेस्रो वर्ष | न्यायीक समिति | प्र.प्र.अ. |
| | लैङ्गिक हिंसा पीडितहरूको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्बन सुनिश्चात गर्न लैंङ्गिक हिंसा बिरुद्धको कोष परिचालन गर्ने । महिलाको मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श सेवा सञ्चालन गर्ने । | २०००००० | दोस्रो वर्ष | लैङ्गिक हिंसाबाट पीडित ब्यक्तिहरू | स्वास्थ्य शाखा र महिला विकास शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२: सबै प्रकारका विभेदकारी मुल्य मान्यता बिरुद्ध वकालत क्षमता बृद्धि गर्ने । | समुदायस्तरमा प्रचलित कुरीति र कुसंस्कार अन्त्य गर्ने खालका सृजनात्मक कार्यक्रमहरू जस्तैः जातीय विभेद, सामाजिक विभेद, लैङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गर्ने | १४००००० | तेस्रो वर्ष | महिला तथा बालबालिका शाखा | उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत |
| **उद्देश्य नं. ४: लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा ल्याउनु ।** | | | | | |
| ४.१: लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्राबधानहरूको स्थानीयकरण गर्ने । | महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरू र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय सन्धि, महासन्धि र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुलक अभियानका कार्यक्रमहरू सञ्चालन गर्ने । | २००००० | तेस्रो वर्ष | बालबालिका र महिला | महिला तथा बालबालिका शाखा |
| | शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्धन्द्ध र द्धन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरूको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरू र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराउने । | १५०००० | तेस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र प्र अ |
| | लैससास सम्बन्धी राष्टिय नीति तथा कानुन र अन्तर्राष्ट्रिय प्राबधान अनुरुप स्थानीय कानुन तथा र कार्यीबिधि बनाई लागू गर्ने । | २०००० | पहिलो वर्ष | महिला बालबालिका शाखा | उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत |
| | नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन, सन्धि, महासन्धि र सम्झौताहरूको वारेमा गाउँपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरूमा व्यापक जानकारी गराउने । | १००००० | दोस्रो वर्ष | बालबालिका र महिला | महिला तथा बालबालिका शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरूको बारेमा गाउँपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गर्ने । | ५००००० | तेस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र प्र अ |
| ४.२: लैंससासमैत्री संयन्त्र र सेवा प्रवाह सुनिश्चित गर्ने । | गाउँपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरूमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गर्ने । | - | पहिलो वर्ष | योजना शखा | प्र.प्र.अ. / महिला तथा बालबालिका शाखा |
| | गाउँपालिकाका सबै संयन्त्रहरू र गाउँपालिका भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरूमा लैंङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने । | ८००००० | पहिलो वर्ष | प्र.प्र.अ. | कार्यपालिका |
| | गाउँपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवालाबीच सञ्जाल गठन गरी नियमित कार्य गरिनेछ । | १००००० | पहिलो वर्ष | लक्षित बर्ग | महिला तथा बालबालिक शाखा |
| | लैससास इकाई/शाखा स्थापना गर्ने । | - | पहिलो वर्ष | महिला तथा बालबालिका शाखा | प्र प्र अ |
| | गाउँपालिकाको लैससास इकाई/शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गर्ने । | - | पहिलो वर्ष | प्र.प्र.अ. | कार्यापालिका |
| | गाउँपालिका, वडा कार्यालय र यस क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण गरिनेछ । | ४००००० | प्रत्येक वर्ष | लक्षित बर्ग | प्र प्र अ |
| | गाउँपालिका क्षेत्रमा गठित उपभोक्ता समिति, टोल विकास संस्थाहरूको प्रवर्द्धन गर्ने । | १०००००० | तेस्रो वर्ष | लक्षित बर्ग | योजना र प्राविधिक शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | गाउँपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरूबाट संचालित योजना तथा कार्यक्रमहरूको वार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने । | ९००००० | पहिलो वर्ष | योजना शाखा | प्र प्र अ |
| | गाउँपालिकाका सबै वडाहरूका बस्तीहरूमा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैंङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गर्ने । | - | पहिलो वर्ष | प्र.प्र.अ. | कार्यपालिका |
| | महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरूको सञ्जाल निर्माण गरी परिचालन गर्ने । | १८०००० | पहिलो वर्ष | महिला तथा बालबालिका शाखा | उपाध्यक्ष |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गरी सक्रिय बनाउने | १२०००० | पहिलो वर्ष | प्र.प्र.अ. | कार्यपालिका |
| | गाउँपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैंङ्गिक सम्वेदनशील कार्य प्रणाली अवलम्वन गर्ने । | - | पहिलो वर्ष | महिला तथा बालबालिका शाखा | प्र प्र अ |
| **उद्देश्य नं. ५ः अति विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सशक्तिकरण गर्नु ।** | | | | | |
| ५.१ः आयआर्जन तथा स्वरोजगार मार्फत जिविकोपार्जनमा सुधार ल्याउने । | गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडि परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | १५००००० | दोस्रो वर्ष | रोजगार शाखा | प्र.प्र.अ. / महिला तथा बालबालिका शाखा |
| | आम गृहणी महिलाहरूलाई उत्पादनमूलक कार्यमा सरिक गराउन गृहणी महिला उत्थान कार्यक्रम सञ्चालन गर्ने । | १७००००० | तेस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र.प्र.अ. |
| | गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत बिपन्न तथा वञ्चित समुहका लागि सिपमूलक कार्यक्रम र आवश्यक प्रबिधि उपलब्ध गराउने । | १०००००० | दोस्रो वर्ष | महिला तथा बालबालिका शाखा | प्र.प्र.अ. |
| | गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन | १२००००० | पहिलो वर्ष | रोजगार शाखा | प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा पुनःस्थापना र सुधार गर्ने । | | | | |
| | रोजगारीमा लक्षित समुहको पहुँच बढाउन लक्षित समुह केन्द्रीत लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ । | १४००००० | तेस्रो बर्ष | रोजगार शाखा | प्र.प्र.अ. |
| | बिपन्न एवम् बञ्चित समुदायलाई स्थानीय स्रोत तथा सेवामा आधारीत व्यवसाय तर्फ आकर्षित गर्न वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने । | २०००००० | दोस्रो वर्ष | रोजगार शाखा | कार्यपालिका |
| | **कुल जम्मा** | **३१६४३०००** | **३ बर्षे** | | |

# परिच्छेद-चार लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन

## ४.१ रणनीति कार्यान्वयनको संस्थागत संरचना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी लैससास समितिको हुनेछ । समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत एकजना | सदस्य |
| (घ) | सामाजिक विकास समितिका संयोजक एकजना | सदस्य |
| (ङ) | कार्यपालिका सदस्यहरू एक महिला सहित २ जना | सदस्य |
| (च) | दलित समुदायका प्रतिनिधि एक महिला सहित २ जना.. | सदस्य |
| (छ) | आदिवासी जनजाती प्रतिनिधि एक १ जना | सदस्य |
| (ज) | अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि एक जना | सदस्य |
| (झ) | ज्येष्ठ नागरिक सञ्जालका अध्यक्ष एकजना पदेन | सदस्य |
| (ञ) | अल्पसंख्यक / सीमान्त कृत समुदायको प्रतिनिधि एक जना | सदस्य |
| (ट) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

### ४.१.१ लैससास समितिको काम कर्तब्य र अधिकार

(क) लैससास रणनीतिलाई समय परिस्थिति अनुसार परिमार्जन तथा संशोधन गर्ने ।

(ख) लैससास रणनीति कार्यान्वयनको लागि आवश्यक कार्यक्रम/ योजनाहरू तर्जुमा गरी स्वीकृतको लागि कार्यपालिकामा टेवुल गर्ने ।

(ग) रणनीति कार्यान्वयनको लागि तर्जुमा गरिएका कार्यक्रमहरू कार्यान्वयनको लागि कार्यपालिकामा बजेट प्रस्ताव गरी माग गर्ने ।

(घ) थप बजेटको लागि स्थानीय सरोकारवालाहरूसँग समन्वय गर्ने ।

(ङ) चैमासिक समीक्षालाई नियमित र प्रभावकारी बनाउने ।

(च) लैससास रणनीति कार्यान्वयनको सन्दर्भमा अनुगमन प्रणालीलाई चुस्त बनाई कार्यान्वयन गर्ने ।

### ४.१.२ वडास्तरको वडा समिति गठन

पालिकाका सबै अर्थात् ८ वटा वडाहरूमा लैससास रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा अनुगमन गरी पालिकालाई सुझाव दिने प्रयोजनको लागि देहाय बमोजिमको एक समिति गठन गरिनेछ-

क. वडा अध्यक्ष — संयोजक

ख. दलित, अपाङ्ग तथा महिला जनप्रतिनिधिहरूबाट ३ जना सदस्य

ग. वडा सचिव — सदस्य सचिव

### ४.१.३ वडास्तरको लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार

क. लैंङ्गिक तथा सामाजिक समावेशीकरण समितिद्वारा संचालित कार्यक्रमहरूलाई वडातहमा प्रभावकारी बनाउने

ख. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका कार्यक्रमहरू वडास्तरमा तर्जुमा गर्नुका साथै कार्यान्वयन तहमा अनुगमन गर्ने र लैससासको कार्ययोजना अनुसार समीक्षा कार्यक्रमको व्यवस्थापकीय पक्षमा सहयोग गर्ने ।

ग. लक्षित बर्गसँग सम्बन्धित वडास्तरका तथ्याङ्कहरू सङ्कलन गर्न लैससास समितिलाई सहयोग गर्ने ।

घ. लैससास समितिले तोकिदिएका अन्य कार्यहरू गर्ने ।

## ४.२ लैससास क्षेत्रमा सरोकारवालाहरूको भूमिका

रघुगंगा गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्बन्धित सरोकारवालाहरूसँग बलियो समन्वय गर्नेछ । लक्षित बर्गमूखी योजना / कार्यक्रमहरूको प्राथमिकिकरण गरी प्रभावकारी कार्यान्वयनको लागि निरन्तर समन्वय र सहकार्यमा जोड दिइनेछ । रणनीतिलाई हुबहु कार्यान्वयनको लागि एक रणनीति कार्यान्वयन कार्य योजना तर्जुमा गरी लागू गरिनेछ । गाउँपालिका अन्तर्गतका सबै बिषयगत शाखा, वडा कार्यालय साथै यस क्षेत्रका सबै सार्वजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था र जिल्ला, प्रदेश र केन्द्र तहका सम्बन्धित निकाय तथा गैरसरकारी संघसंस्थाहरूसंग निकटतम समन्वय र सहकार्य गरिनेछ । कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि स्थानीय जनप्रतिनिधी र कर्मचारीहरूको क्षमता विकास गर्नुका साथै सम्बन्धित सरोकारवालाहरूलाई उनीहरूको सशक्तिकरणको लागि निर्णय गर्न दिने नीतिलाई अंगिकार गरिनेछ ।

लैससास रणनीतिमा सबै सरोकारवालाहरूको भूमिका निर्धारण गरी कार्यान्वयनका लागि नियमित समन्व तथा सम्बन्ध बिस्तार गरी कार्यान्वयनको क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरूले

तोकिएको भूमिका प्रभावकारी रूपमा निर्वाह गरे नगरेको जानकारीको लागि अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ । गाउँपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला पहिचान गरी बुदाँ नं. २.३ मा उल्लेख गरिएका सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी निम्न तालिकामा उल्लेख गरिएको छ ।

| (क) सरोकारवाला निकायहरू | (ख) भूमिका तथा जिम्मेवारी |
|---|---|
| १) लक्षित समूहहरू (महिला, दलित, बालबालिका, ज्येष्ठनागरिक सञ्जाल, आमा समूह, महिला समूह तथा सहकारी आदि) | १) प्रमुख सरोकारका लक्षित समूहहरूको सवाल एवम् समस्या तथा आवश्यकताका सम्बन्धमा खण्डिकृत तथ्याङ्क सङ्कलन गरी आवश्यक सूचना उपलब्ध गराउने<br>२) समाजमा बिद्यमान विभेदकारी प्रचलन तथा असमानताका बिरुद्ध अभियान सञ्चालन गर्न योजना बनाई माग गर्ने ।<br>३) उनीहरूका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चत गर्न माग गर्ने । योजना तर्जुमा चरणदेखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रूपमा नियमित समन्वय र सहकार्य गर्ने वा गर्न गराउन वकालत गर्ने । |
| २) गैरसरकारी संघसंस्थाहरू | १) कानुनहरूको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>२) महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तिकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>३) लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पीडित तथा प्रभावितहरूलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने।<br>४) गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरू सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>५) लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक विभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । |
| ३) निजी क्षेत्र (विकास बैंक, बित्तिय संस्था र उद्योग बार्णिज्य संघ आदि) | १) निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरूमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरूमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>२) महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तिकरणका लागि आर्थिक, प्राविधिक र व्यवसायिक सहयोग उपलब्ध गराउने ।<br>३) वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीहरूबाट उत्पादित बस्तुहरूको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>४) महिला, दलित लगायत पछाडि परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन अभिमुखीकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>५) गाउँपालिकासंग समन्वय गरी लक्षित बर्ग उत्थान सम्बन्धी कार्यहरू सञ्चालन गर्ने । |

| (क) सरोकारवाला निकायहरू | (ख) भूमिका तथा जिम्मेवारी |
|---|---|
| ४) अन्य सरकारी तथा सार्वजनिक निकायहरू | १) लैससासमैत्री संरचना निर्माण गरी कार्यप्रणाली अवलम्बन गर्ने । <br>२) लैससास संवेदनशिल व्यवहार अवलम्वनका लागि आचारसंहिताको पुर्ण पालना गर्ने । <br>३) सेवा प्रवाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा लाभ एवम् अवसरको बाँडफाँडमा न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने । <br>४) महिला, बालबालिका, बिभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका जनसाधारणलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने । <br>५) मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य लैङ्गिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मनोबिमर्श सेवाको व्यवस्था गर्ने । <br>६) लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयन गर्ने गराउने । |
| ५) प्रदेश तथा संघीय सरकार | १) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्राबधानहरूलाई स्थानीयकरण गर्न गाउँपालिका लगायत सरोकारवालाकहरूको क्षमता विकास गर्ने । <br>२) लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरू पुनराबलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने <br>३) नियमित लैङ्गिक उत्तरदायी बजेट निर्माण र लैसससा परिक्षण गर्न क्षमता विकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| ६) विकास साझेदारहरू | १) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरूको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने । <br>२) महिला, दलित, अपांग, जेष्ठ नागरिक, विपन्न लगायत पछाडि पारिएका बर्ग समुदायहरूको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासँग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने । <br>३) विकास साझेदारबाट सञ्चालन गरिने विकास सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरू सम्बोधन हुने गरी क्रियाकलापहरू तय गर्ने । <br>४) लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका विभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमुखीकरण कार्यमा सहयोग गर्ने |

## ४.३ रणनीति कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा समीक्षा

रणनीति कार्यान्वयनको सम्बन्ध भनेको मुख्यरूपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमसँग जोडिएको रहेको हुन्छ । रणनीतिका आधारमा तयार गरिएका कार्यक्रमहरूको कार्यक्षेत्र स्थलमा कार्य योजना बमोजिम कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ । गाउँपालिकाभित्र कार्यरत संघ संस्था तथा निकाय र विकास साझेदारहरूलाई वार्षिक रूपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत कार्य गर्दा प्राप्त उपलब्धि र समस्याहरूको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्बन गर्ने अभ्यासको थालनी गरिनेछ

। स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघ संस्थाहरूको प्रतिनिधित्वमा देहाय बमोजिमको एक लैससास अनुगमन समितिको (कानुनमा व्यवस्था भई कार्यान्वयनमा आइरहेको समिति) लाई सक्रिय बनाइनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष | —संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | —सदस्य |
| (ग) | सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (घ) | उद्योग बाणिज्य संघ/ गैर सरकारी संघ/संस्थाको प्रतिनिधि | -सदस्य |
| (ङ) | शिक्षा शाखा प्रमुख | —सदस्य |
| (च) | योजना शाखा प्रमुख | —सदस्य |
| (छ) | प्राविधिक शाखा प्रमुख | —सदस्य |
| (ज) | महिला तथा बालबालिका शाखा प्रमुख | —सदस्य सचिव |

अनुगमन समितिले कार्य योजनामा उल्लेख गरिएका क्रियाकलापहरू गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने कार्य गर्नेछ । वार्षिक कार्यक्रममा समावेश भएका क्रियाकलापहरू कार्यान्वयन कसरी भइरहेको छ सो को समेत अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्ने जिम्मेवारी कानुनले तोकेको उपाध्यक्षको संयोजकत्वमा गठित माथि उल्लेखित समितिले गर्नेछ । यो समितिमा महिला तथा बालबालिका शाखा प्रमुख थप हुने व्यवस्था गरिएको छ ।

## ४.४ रणनीतिको समीक्षा तथा सुधार

गाउँपालिकाले आफ्नो लैससास रणनीति कार्यान्वयन कार्ययोजनाको प्रत्येक आर्थिक वर्षमा चौमासिक समीक्षा गर्नेछ । पहिलो चौमासिकको कार्तिक अन्तिम हप्ता, दोस्रो चौमासिकको फागुन अन्तिम हप्ता र अन्तिम चौमासिकको अर्को आ.व.को साउन मसान्तरभित्र गरिनेछ । गाउँपालिकाबाट पारित प्रगति समीक्षा कार्यविधि अनुसार अरू कार्यक्रमहरू सहित यो कार्यक्रमलाई पनि जोडेर सँगसँगै समीक्षा गरिनेछ । समीक्षा गर्दा उठान भएका सवालहरूलाई सङ्कलन गरी प्रतिवेदन तयार गरिनेछ । प्रतिवेदनलाई त्यसपछि बस्ने कार्यपालिकाको बैठकमा प्रस्तावको रूपमा पेश गरिनेछ र थप प्रभावकारी बनाउने बारेमा आवश्यक निर्णय लिइनेछ । समीक्षाबाट प्राप्त सुझावका आधारमा रणनीतिलाई समय सापेक्ष संशोधन, परिमार्जन तथा सुधार गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ ।

## अनुसुची-१ रघुगंगा गाउँपालिकामा तर्जुमा गरिएका कानुनी दस्तावेज, नीति तथा कार्यक्रमहरूको सूची

(क) प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई सेवा सुविधा थप सम्बन्धी कार्यविधि२०७५

(ख) बालबिबाह बिरुद्ध रणीनतिक योजना २०७५

(ग) अपांग परिचयपत्र बितरण कार्यबिधि २०७५

(घ) बाल समूह संजाल गठन व्यवस्थापन तथा सहजीकरण निर्देशिका २०७७

(ङ) ज्येष्ठ नागरीक क्लव गठन तथा सञ्चालन कार्यबिधि २०७७

(च) न्यायीक समितिमा उजुरी गर्ने सम्बन्धी ऐन २०७८

(छ) बाल संरक्षण नीति २०७८

(ज) रघुगंगा गाउँपालिकाको श्रम डेक्स सञ्चालन कार्यविधि २०७९

(झ) लैससाससँग सम्बन्धित कार्यक्रम तथा योजना र बजेटको अडिट गर्ने कार्यको थालनी भएको ।

(ञ) प्रत्येक आर्थिक वर्षमा महिला बालबालिका लगायत अन्य लक्षित बर्गमूखी बजेट विनियोजन गर्ने गरिएको ।

(ट) लक्षित बर्गलाई विकासको मूलधारमा ल्याउने प्रयास अन्तर्गत प्रत्येक वार्षिक सभाबाट नीतिहरू स्वीकृत गर्ने गरिएको ।

(ठ) लक्षित बर्गमूखी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि कार्यालयमा महिला तथा बालबालिक शाखाको व्यवस्था गरिएको ।

(ड) लैससास सम्बन्धी तीनवर्षे कार्य योजना तर्जुमा गरिएको ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप ब्यबस्थित बनाउन सफ्टवयरलाई प्रयोगमा ल्याइएको ।

(ण) बालबालिकालाई विद्यालयमा बालमैत्री शासन तथा ब्यबहारको लागि विविध कार्यक्रमहरू सञ्चालनमा ल्याइएको ।

(त) दलित बर्गको सशक्तिकरणको लागि परंपरागत ब्यबसाय जस्तैः प्रविधियुक्त आरन,पञ्चेबाजा आदिको व्यवस्था गरिएको ।

## अनुसूची-२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तथा बजेटको परीक्षणको अवस्था

(२०७९ मा गरिएको परीक्षणको प्रतिवेदन अनुसार)

| क्रस | सूचकका क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति कानून र योजना | २० | १२.५ |
| २ | संस्थागत व्यवस्था | २० | ११.५ |
| ३ | मानव संशाधन तथा क्षमता विकास | २० | १२ |
| ४ | सेवा प्रवाह | २० | १५ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १०.५ |
| | जम्मा प्राप्ताङ्क | १०० | ६१.५ |

